# विपश्यना

साधकहरूका लागि प्रेरणा पत्र

बुद्ध वर्ष २५४० चैत्र २०५३ वर्ष १३ अङ्क १२


## धम्मवाणी

*सक्कत्वा सक्कतो होति गरु होति सगारवो ।*
*वण्णकित्तिभतो होति यो मित्तानं न दूभति ॥*

*श्रामणेर - विनय, मेत्तानिसंसं - ५*

**पूजा गर्नेको पूजा गरिन्छ, वन्दना गर्नेको वन्दना गरिन्छ, आफ्ना मित्रजनहरू प्रति द्रोह नगर्नेहरूलाई यश र कीर्ति प्राप्त हुन्छ ।**

**कस्तो हुनुहुन्थ्यो गुरुदेव**

## उच्च सैद्धान्तिक जीवन

सयाजी ऊ बा खिनले प्रशाशकीय सेवाको सिलसिलामा मात्र होइन सम्पूर्ण जीवन नै उच्च सैद्धान्तिक रूपमा बिताउनु भएको थियो । सिद्धान्त विरुद्ध कुनै पनि प्रकारको सम्झौता गर्नु उहाँको स्वभावको सर्वथा विरूद्ध थियो । अनीतिपूर्ण तरिकाले धन संचय गर्नु उहाँको लागि अशक्य थियो, असंभव थियो । यही कारणले लामो समयसम्म प्रशासनिक सेवा गरे तापनि अवकाश उपरान्त उहाँ कंगाल नै हुनुभयो ।

क्रय विक्रयको व्यवसाय हुने सरकारी निगमको उच्च पदमा नियुक्त भयो भने केही वर्षमा मालामाल हुन्थ्यो उसको बाँकी जीवन आरामसँग बित्दथ्यो । परन्तु सयाजी ऊ वा खिनको कुरा भिन्न थियो । लामो सरकारी सेवाको अवकाश पाए पश्चात उहाँसँग कूल जम्मा पूँजी रु. २५ हजार च्याट (बर्मी रूपैंया) मात्र थियो । उहाँको अरू धन थिएन । आकाश छुने महँगाईको जमानामा केवल सरकारी नोकरीको भरमा जीवन जीउने व्यक्तिले के नै वचत गर्न सक्नु र ? यद्यपि उहाँले एक समय चार चार सरकारी विभागहरूको उच्च पदमा रही एकसाथ काम गर्नु भएको थियो । यस्तो व्यक्तिले धन सञ्चय कसरी गर्न सक्ला र ?

उहाँ आफ्नो अल्प संचयबाट प्रसन्न हुनुहुन्थ्यो; सन्तुष्ट हुनुहुन्थ्यो । उहाँ त ती दिनहरूमा आश्रममै रहनुहुन्थ्यो । परन्तु आफ्नो परिवारजनहरूको लागि एउटा सानो घर बनाई दिने चाहना थियो । उहाँले चाँडै घर बनाइदिने एकजना ठेकेदारको खोजी गर्नु भयो । मेरो एकजना ठेकेदार मित्रले थोरै पैसामा दुईटा कोठा भएको एउटा सानो घर बनाइदिने मञ्जुरी गऱ्यो । घर निर्माणको काम शुरू भयो तर केही कारणवश निर्माण कार्यमा ढिलाई हुँदै गयो र निर्माण-सामग्रीहरूको भाउ बढ्दै गयो । जसले गर्दा निर्माण कार्य पूरा गर्न अरू १० हजार रूपैंया नपुग हुन गयो । अब गर्ने के ? उहाँ कसैसँग माग्ने खालको मान्छे पनि होइन । उहाँसँग अरू सम्पत्ति पनि थिएन जुन बेचेर नपुग रकम जोड्न सकोस् । त्यस समयमा मेरो लागि त्यो रकम नगन्य थियो । गुरुजीलाई दान दिएर त्यसको पूर्ति गर्नु मेरो लागि गाऱ्हो थिएन । मैले बडो विनीत भावले गुरुजीको सामु आफ्नो प्रस्ताव राखें तर उहाँले स्वीकार गर्नु भएन । एक साधकले आफ्नो इच्छा अनुसार दान दिन सक्छ तर त्यो सबै रकमहरू धर्म प्रचार कै काममा प्रयोग हुनु पर्दछ भन्ने उनको सिद्धान्त थियो । उहाँलाई रहन, बस्न तथा खानपिनको प्रवन्ध आश्रममै भैरहेको थियो । यहाँसम्म त स्वीकार्य थियो । तर उहाँको परिवारको निवास तथा भरणपोषणको भार कोही साधकले लिएको उहाँको लागि स्वीकार्य थिएन । घर त उहाँको परिवारको लागि बनिरहेको थियो । एक आचार्यले आफ्नो परिवारको लागि दान स्वीकार गर्नु उहाँलाई उचित लागेन । तर ठेकेदारलाई पूरा रकम नदिई काम पूरा नहुने भयो । अत: त्यो रकम कर्जाको रूपमा लिनको लागि विनीत निवेदन गरें; ता कि घरको काम पूरा होस् । उहाँले मेरो निवेदन स्वीकार गर्नु भयो, खुसी लाग्यो । मैले सोचेको थिएँ कि पैसा लिने कुरा आलताल गर्दै रहँला र पछि विस्तारै विर्सि हाल्छ ।

तर ऊ वा खिन - ऊ वा खिन नै थियो । प्रत्येक महिनामा जुन पेन्शन प्राप्त हुन्थ्यो त्यो पूरा रकम कर्जा चुक्ता गर्नको लागि बुझाउनुहुन्थ्यो । मरेतुल्य भई स्वीकार गर्नु पर्दथ्यो । मेरो लागि १० हजार रूपैंया मामुली थियो । आफ्नो गुरुलाई प्राप्त हुने पेन्शन पूराका पूरा लिनुपर्ने मेरो विवशता थियो । उहाँको विपन्न परिवारको लागि त्यसको एक पैसा पनि जाँदैनथ्यो । सम्पूर्ण परिवार उहाँको एउटा छोरोको मासिक तलवको भरमा बाँचिरहेको थियो । त्यो स्थिति मेरो लागि पीडाजनक थियो । तर म विवश थिएँ । केही महिना पश्चात आधा कर्जा चुक्ता भयो । अब केवल पाँच हजार मात्र चुक्ता गर्न बाँकी थियो ।

Downloaded from http://www.dhamma.digital

त्यसैताका मलाई पालन पोषण गरेकी आमा सिकिस्त विरामी हुनुभयो । बृद्ध आमालाई सन्मानपूर्वक पालन पोषण गर्नु र विरामीलाई औषधि उपचार गर्नु पुत्रको धर्म हो । म प्रसन्नतापूर्वक सेवामा लागिरहेकै थिएँ । परन्तु पुरानो परम्परा अनुसार आमाको मृत्यु पश्चात श्राद्ध स्वरूप दान कर्म गर्नु पनि पुत्र धर्म नै थियो । मैले सोचें मृत्यु पश्चात दान प्रदान गर्नु भन्दा जीउँदैमा उहाँकै हातबाट दान दिलाउन पाए झन बेस हुनेथियो । मैले बिरामी आमा सामू यो प्रस्ताव राखें, उहाँले आठ-दश सार्वजनीक संस्थाहरूलाई दान प्रदान गर्ने इच्छा व्यक्त गर्नु भयो । फेरि कुनै व्यक्ति विशेषलाई दान दिने इच्छा छ कि भनि सोद्धा परम पूज्य गुरुदेवलाई पाँच हजार रुपैयाँ दान दिने इच्छा व्यक्त गर्नुभयो ।

म एकदम खुसी भएँ । मलाई थाहा थियो कि गुरुदेवलाई आमा प्रति बडो स्नेह थियो । गएको सात वर्षदेखि उनी गम्भीरतापूर्वक साधनामा लागेकी थिइन् । जीवनभर जुन कर्मकाण्ड, ब्रत, उपवास, भजन कीर्तनमा लागेकी थिइन् त्यसलाई चटक्कै त्यागेर विपश्यनाको मुक्तिदायिनी धर्मप्रवाहमा प्रसन्न चित्तले लागेकी थिइन् । गुरुदेवले कुनै पनि साधकबाट आफ्नो लागि दान लिनुहुन्नथ्यो । तर आफ्नो त्यस परम-शिष्या बुढी आमा (गुरुदेवले यसरी नै बोलाउनु हुन्थ्यो) को अन्तिम धर्म-ईच्छालाई उहाँले नकार्न सक्नुहुन्न । साँच्चै हाँसी-हाँसी उहाँले त्यो दान स्वीकार गर्नुभयो र पूण्यानुमोदन गर्नुहुँदै बुढी आमाको मंगलार्थ तीन पाटक साधु ! साधु !! साधु !!! भन्नुभयो ।

म एकदम प्रसन्न भएँ । मैले सोचेको थिएँ कि अब त्यो रकमबाट कर्जा चुक्ता गर्नुहन्छ हरेक महिना उहाँको पेन्शन लिंदा हुने दुःखबाट मुक्ति पाउने भयो । तर मेरो सोचाई गलत सावित भयो ।

गुरुजीले सबै साधकहरूको सामू बुढी आमाको धेरै धेरै प्रशंसा गर्नुभयो । आमाको अन्तिम अवस्थामा स्वयं गुरुजी उपस्थित हुनु भएको थियो । क्यान्सरको असह्य दुःखाई भएतापनि कसरी संयमित भएर सजग एवं शान्त चित्तले अनित्य बोधको साथ यस साधिकाले आफ्नो प्राण त्याग्यो, यस बारेमा सबैलाई बताउनु भयो । साथै भन्नु भयो, उनी कति उदार चित्तकी थिइन् ! हेर ! यो पाँच हजार रुपैयाँ जुन विशेष रूपले मलाई दान दिइन् भन्दै संगै बसेको आश्रमको सचिवलाई दिनुहुँदै यसबाट यति पैसा यसको लागि, यति पैसा यसको लागि भन्दै पूरा पाँचहजार रुपैया दुई मिनट मै बाँडफाँड गरिदिनु भयो ।

म अवाक् भएर हेरिरहें । कर्जा बाँकी रहुञ्जेलसम्म प्रत्येक महीना ऋण चुक्ता गर्दै जानु भयो । धर्म सिद्धान्तमा दृढतापूर्वक आरूढ धर्मपुरुष यस्तो हुन्छ ।

शासनसत्ताको निकटतम रहेर पनि उहाँले त्यसको रतिभर पनि दुरूपयोग गर्नुभएन । भ्रष्टाचारको अखाडामा रहेर पनि आफूमा त्यसको आँचसम्म पनि आउन दिनु भएन । अनेक धनवान व्यक्तिहरूको सदगुरु भएर पनि धर्म - शिक्षणको नाममा गुरुडम फैलन दिनुभएन । धर्मको नाममा कोही पनि शिष्य माथि शोषण गर्नु भएन ।

दुर्लभ हुन्छन् यस्ता निःसंग, निस्पृह, निरासक्त सद्गुरु ! उहाँलाई मेरो कोटी-कोटी प्रणाम !

(साभार: हिन्दी विपश्यना पत्रिका, भाद्र पूर्णिमा, १९९१)

धर्मपुत्र
स.ना.गो.

**भगवान बुद्धको जीवनकालको एक घटना**

## सुपटिविधन

मगध नरेश बिम्बिसारको छोरो अभय राजकुमारलाई भगवानको धर्ममयी उपदेश अत्यन्त प्रिय लाग्यो, श्रेयस्कर लाग्यो । त्यस समय उनको मनमा पुनः एउटा प्रश्न उठ्यो र उ नसोधीकन बस्न सकेन र आफ्नो जिज्ञासा भगवानको सामू प्रस्तुत गरे :–

"भन्ते भगवान ! तपाई कहाँ विभिन्न प्रकारका ब्राम्हण, श्रमण तथा गृहस्थ विद्वानहरू आउँदछन् र विभिन्न प्रकारको प्रश्न गर्दछन् । के तपाई तिनीहरूले कस्तो प्रकारको प्रश्न सोध्ला, त्यस्को यस्तो उत्तर दिन्छु, यसो भनेमा यस्तो भन्छु भनेर चिन्तन मनन गर्नु हुन्छ कि विना पूर्व चिन्तन मनन गरी जब सोध्छन् तब त्यही क्षण जे सही लाग्छ जे स्पष्ट हुन्छ त्यही उत्तर दिनुहुन्छ ?"

यस प्रश्नको उत्तर दिनको लागि भगवानले अभयसंग फेरी प्रतिप्रश्न गर्नुभयो, "राजकुमार ! यो जुन तिम्रो रथ छ नी, के तिमी यसको अंग प्रत्यंगलाई राम्ररी जान्दछौ ?"

"जान्दछु, भगवान ! मैले यसको भरपूर उपयोग गरेको छु । स्वानुभावले यसको अंग-प्रत्यंगलाई राम्ररी जान्दछु ।"

"त्यसो भए के तिमी यस्तो सोच्छौ कि कोही व्यक्तिले मलाई यसको अंगको बारेमा सोध्नेछ र म त्यसलाई यस्तो उत्तर दिन्छु ।"

"सोच्दिन, भगवान ! यसको लागि किन चिन्तन गर्नु पर्‍यो र ? म यो आफ्नो अनुभवले जान्दछु । यस सम्बन्धमा जो कोहीले कुनै समय प्रश्न गरेतापनि तत्क्षण त्यही उत्तर दिन्छु जुन त्यस समयमा सही र स्पष्ट लाग्छ । आफ्नो अनुभवले सिद्ध भएको यथार्थ कुरा भन्नको लागि के चिन्तन-मनन गर्नु पर्छ र ?"

"ठीक त्यस्तै हो राजकुमार ! जसरी कोही रथी आफ्नो रथको अंग-प्रत्यंगको बारेमा स्वानुभावद्वारा राम्ररी जान्दछ र रथको बारेमा कसैले प्रश्न सोधे भने पनि झट्ट स्पष्ट उत्तर दिन सक्छ, उसलाई पहिला नै चिन्तन-मनन गर्नु पर्दैन । त्यसरी नै तथागतले धर्म-धातु अर्थात धर्मको गुण, स्वभावलाई भित्रसम्म गएर चिरेर, फाटेर, विभाजन गरेर, अलग अलग गरेर टुक्रा टुक्रा पारेर हेरिएको छ,

Downloaded from http://www.dhamma.digital

स्वानुभावले जानीसकेको छ । अत: धर्म सम्बन्धी जुनसुकै प्रश्न सोधेतापनि उसलाई चिन्तन-मनन गरेर उत्तर दिनु आवश्यकता पर्दैन । त्यस विषयमा उसले राम्ररी थाहापाइसकेको हुन्छ । अत: तत्क्षण सही स्पष्ट उत्तर दिन्छ। सत्य बोल्नको लागि चिन्तन-मननको आवश्यकता पर्दैन ।

भगवानको यस विवेचनाले अभय राजकुमारलाई अधिक श्रद्धा विभोर बनायो । भगवानको महानता र सर्वज्ञताको बारेमा मनमा रत्तिभर पनि संदेह रहेन। अन्य मानिसहरूले भगवानको बारेमा जति पनि मिथ्या दोषारोपण लगाएको थियो, ती सबैको सहज निराकरण भयो, उन्मुलन भयो ।

अत्यन्त श्रद्धा, वितीत भएर उसले भगवानलाई पून: पञ्चाग प्रणाम गऱ्यो र हर्षोद्गार युक्त शब्दमा आफ्नो आस्था प्रकट गर्दै भने, "अद्भुत हुनुहुन्छ भगवान, आश्चर्यजनक हुनुहुन्छ भगवान, तपाईंले धर्मलाई यस्तो स्पष्ट शब्दमा सम्झाउनु भयो, जस्तो बाङ्गोलाई सोझ्याएर देखाए जस्तो, ढाकिएकोलाई उघारेर देखाए जस्तो, अन्धकारमा दीपक बालेको जस्तो ता कि आँखा हुनेले सत्यलाई स्वयं देख्न सक्दछन् । आज म त्रीरत्नको शरण ग्रहण गर्दछु । आजदेखि मलाई आफ्नो आजन्म अनन्य उपासक स्वीकार गर्नुहोस् ।"

अभय राजकुमार धन्य भयो ।

★ ★ ★

उपरोक्त वार्तालापमा दुई शब्द प्रयोग गरिएको थियो । "धम्मधातु सुप्पटिविद्धो" धर्म भनेको प्रकृति, धातु भनेको स्वभाव । प्रकृतिको स्वभावको सुपटिवेधन । अर्थात त्यसलाई राम्ररी वेधन गरेर, चिरेर जान्नु । जस्तो परियत्ति (पर्याप्ति) ज्ञानलाई भनिन्छ, पटिपत्ति (प्रतिपत्ति) यस ज्ञानमार्गलाई प्रतिपादन गर्नुलाई भनिन्छ, त्यस मार्गमा अघि बढ्नुलाई भनिन्छ, त्यस्तै पटिवेधन (प्रतिवेधन) सत्यलाई चिरेर हेर्नुलाई भनिन्छ । यही विपश्यना हो । विपश्यना बाहेक अनुभूतिद्वारा चिरेर हेर्ने काम कदापि हुँदैन । विपश्यनाको अभ्यासको थालनीसंगसंगै पटिवेधनको काम शुरू हुन्छ ।

धातु छ: प्रकारका हुन्छन्। पृथ्वी, अग्नी, जल, वायु र आकाश यी पाँच भौतिक धातु हुन्। यसलाई रूपधातु पनि भनिन्छ। विज्ञान अर्थात चित्त एक धातु हो, जसलाई नामधातु भनिन्छ। विपश्यना गर्ने साधकले भीत्र हुने धनीभूत संवेदनालाई राम्ररी जान्दछ, त्यसलाई तटस्थ भावले जान्दछ र स्वत: त्यसको गहराईसम्म पुग्दछ। खोतली-खोतली भीत्रसम्म पुग्दछ र थाहापाउँदछ कि धातु सबै तरंगै तरंग मात्र हुन्, अनित्य स्वभाव युक्त छन्, उदय-व्यय स्वभाव युक्त छन्, जसमा अलिकति पनि आफ्नो अधिकार छैन । यस नामरूपको प्रपञ्चलाई हेर्दै, विभाजन गर्दै साधक तटस्थ भावले, प्रज्ञापूर्ण उपेक्षा भावले अघि बढ्दै जान्छ त उसको चित्त विकार - विहीन हुन थाल्दछ, निर्मल हुन थाल्दछ र अंतत: एक अवस्थामा सम्पूर्ण संस्कार निष्कासन हुन्छ र नामरूपभन्दा पर, चित्त र शरीरभन्दा पर, यी छ: धातुभन्दा पर परम-सत्य निर्वाणको साक्षात्कार हुन्छ। जुन नित्य छ, शाश्वत छ, ध्रुव छ, अमृत छ। खोतली-खोतली गहराईसम्म पुग्दछ, आफ्नै अनूभूतिद्वारा जान्दछ, नितान्त विमुक्त अवस्थासम्म पुग्दछ भने नै सुपटिविद्धता भनिन्छ अर्थात सम्पूर्ण प्रकारले प्रतिवेधन गर्नुलाई नै सुपटिविद्धता भनिन्छ। अब यस व्यक्तिलाई धर्म सम्बन्धी चाहे जस्तो सुकै प्रश्न गरोस् उसलाई चिन्तन-मनन गर्नु, तर्क वितर्क गर्नु, आलताल गर्नु कुनै आवश्यकता छैन। जस्तो कि आफ्नो सामू टेबुल छ र कोही आएर यो के हो भनी सोध्छन् भने "यो टेबुल हो" भनेर उत्तर दिनुमा चिन्तन-मनन गर्नु, तर्क-वितर्क गर्नुको के आवश्यकता छ र ? त्यस्तै कलम छ भने यो कलम हो भनेर भन्नुमा के गाऱ्हो भयो र ? के चिन्तन मनन गर्नु पर्छ ? के सोच्नु पर्छ र ? यस्तै प्रकार विपश्यनाद्वारा प्रकृतिको नियमलाई आफ्नो प्रज्ञाद्वारा चिरेर-फारेर हेरे पछि त्यस सम्वन्धमा उत्तर दिनको लागि केही समस्या हुदैन । जानी बुझी झूठो बोल्नु छ भने, छल कपट गरेर धोखा दिनुछ भने, कुनै काल्पनीक मान्यतालाई सत्य सिद्ध गर्नु छ भने सोच्नु पर्ने हुन्छ । मनै मन तर्क विर्तक गर्नु पर्ने हुन्छ । जुन सत्यलाई अनुभवद्वारा भीत्रसम्म जानी सकेको छ भने ती सबैको के आवश्यकता ?

आऊ ! धर्मलाई गहिरीएर हेर्न सिकौं र सुपटिवेधनको अन्तिम अवस्था प्राप्त गरेर आफ्नो कल्याण सञ्चय गरौं ।

कल्याण मित्र

स.ना.गो.

## साधकको प्रश्न पूज्य गुरुजीको उत्तर

**प्र. विपश्यनाको व्यवहारिक फाइदाहरू के छन् ? म देख्दछु मान्छेहरू बस्दछन्, साधना गर्दछन् र शिविरको अन्तमा आएर शान्तपूर्ण र सुखी देखिन्छन्। तर दैनिक जीवनमा बेला बेलामा आइपर्ने ब्याकुलतामा यसलाई कसरी उपयोग गर्न सकिन्छ ?**

उ. दश दिने शिविरमा भाग लिन आउने साधकहरू सांशारिक जीवनको दु:ख वा संकटबाट भाग्न आएको होइन । वास्तवमा आफ्नो दैनिक जीवनमा यसलाई प्रयोगमा ल्याउनलाई यो विधि सिक्न आउँछन्। विपश्यनालाई दैनिक जीवनमा लगाउन सकेन भने यो अर्थ हिन हुन्छ र यो पनि अर्को संस्कार एवं कर्मकाण्ड हुन जान्छ या यो सहयोगी हुन्न । तसर्थ विपश्यना भावनाको विधि सिक्नेले यसलाई आफ्नो दैनिक जीवनमा लगाउन भरसक कोशीश गर्दछन् ।

Downloaded from http://www.dhamma.digital

**प्र. के विपश्यना बुद्ध धर्मको एक भाग हो ? के अरू धर्मको धर्मालम्वीहरू यो अभ्यास गर्न सक्दछन् र के यस्ले कुनै तरिकाले धार्मिक अभ्यासमा हस्तक्षेप गर्दछ ?**

उ. एउटा कुरो स्पष्ट हुनुपर्दछ - निश्चय पनि यो धर्म होइन; यो निश्चय पनि बुद्धको शिक्षा हो । बुद्धको अर्थ अरहंत एवं मुक्त व्यक्ति हो भन्ने कुरा बुझ्नु पर्दछ । अरहंत, मुक्त व्यक्तिले कहिले पनि साम्प्रदायिक कुरा सिकाउँदैन, बरू जीवनको कला सिकाउँदछ जुन विश्व व्यापी हुन्छ । उनीहरूले कुनै वर्गया सम्प्रदाय स्थापित गर्दैन । तसर्थ बुद्ध धर्ममा यस्तो कुरा छैन, यो त जीवनको कला या शैली हो । तसर्थ कुनै पनि समुदाय, वर्ग या धार्मिक समुहकाले कला या शैलीको नाताले यसलाई सजिलैसंग अभ्यास गर्न सकिन्छ ।

**प्र. के मान्छेलाई मुक्तिको पथमा लैजाने वा अरहन्तसम्म डोऱ्याउने अरू कुनै बाटा छन् ?**

उ. भावना विधि चित्तलाई विशोधन पार्ने हुनु पर्दछ । यदि चित्तको विशद्धता विना अरहन्तसम्म लैजाने अरू कुनै बाटो छ भने यो कुरा म बुझ्न सक्दिन । यदि चित्तलाई शुद्ध पार्ने, मनलाई राग, द्वेष, अज्ञानता भ्रमबाट दूर गर्ने या मुक्त पार्ने कुनै विधि छ भने यसले निश्चय पनि मुक्त बनाउँछ ।

**प्र. के तपाईं विस्तृत गर्न सक्नु हुन्छ कि व्यापारी, कारखानामा कार्यरत, गृहीणी तथा डाक्टरले यो विपश्यना भावनालाई कसरी काममा लगाउँदैछन् ?**

उ. हरेक व्यक्तिको जीवनमा समस्यात छदैछन् । विभिन्न समस्याको कारणबाट तनाव हुन्छन् नै । तनावको उदयले मन अन्यौलमा पर्दछन् र हरेक निर्णय बेठीक हुन्छ । एक असल विपश्यनाको साधक कठीनाई सामना गर्न परेको वेलामा पनि दृढ, शान्त भई आफ्नो सकारात्मक कार्यबाट स्वस्थ निर्णय गर्दछ ।

## धर्म गाथा

### हिन्दी

अहोभाग्य गुरुवर मिले, कैसे संत सुजान ।
मार्ग दिखाया मुक्ति का, शुद्ध जगाया ज्ञान ॥

सतगुरु की संगत मिली, जागा पुण्य अनन्त ।
सत्य धर्म का पथ मिला, करे पाप का अन्त ॥

बोधिसत्व गुरुदेव ने, पकडी मेरी बांह ।
मुक्ति विधायक पथ दिया, बोधिवृक्ष की छांह ॥

काम क्रोध की बाढ़ में, डूब रहा मँझधार ।
दिया सहारा धरम का, गुरुवर लिया उबार ॥

गुरुवर तेरे पुण्य का, कैसा प्रबल प्रताप ।
जागा बोध अनित्य का, दूर हुए भवताप ॥

नमस्कार गुरुदेव को, कैसे संत सुजान ।
धर्मपथ ऐसा दिया, करे जगत कल्याण ॥

मंगल कामना सहित
मदन कृष्ण कायस्थ
रोडहाउस क्याफे, ठमेल
फोन न. २२९१८७

### हिन्दी

अहो भाग्य गुरुवर पाएँ, कस्तो सन्त सुजान ।
मार्ग देखायो मुक्तिको, जगायो शुद्ध ज्ञान ॥

सन्त गुरुको संगत पाएँ, जाग्यो पुण्य अनन्त ।
सत्य धर्मको पथ पाएँ, गऱ्यो पापको अन्त ॥

वोधिसत्व गुरुदेवले, समायो मेरो हात ।
बोधिवृक्षको छाँयामा, दियो मुक्ति विधायक पथ ॥

काम क्रोधको बाढीमा, डुबीरहें बीच धारमा ।
पाएँ धर्मको सहारा, उताऱ्यो गुरुदेवले ।

धन्य गुरुदेवको पूण्य, कस्तो प्रवल प्रताप ।
जाग्यो बोध अनित्यको, भयो दूर भवताप ॥

नमस्कार गुरुदेवलाई, कस्तो सन्त सुज्ञानी ।
पाएँ कस्तो धर्मपथ, गर्छ संसारको कल्याणी ॥

मंगल कामना सहित
भाजुरत्न फर्मा
वीरगञ्ज ।

*सम्पादक :* रोशनी शाक्य, *प्रकाशक :* नेपाल विपश्यना केन्द्र, धर्मशृङ्ग, बुढानीलकण्ठ, काठमाडौं । फोन : ३७१६५५ ३७१००७ २०५३ चैत्र
*सम्पर्क स्थान :* श्री रूप ज्योति, ज्योति भवन, पो. ब. नं. १२८९६, काठमाडौं । फोन : २-२५४९० २-२३९६८/२-४८९४९ २-५०५८१
*मुद्रक :* **नेपाल प्रेस**, शुक्रपथ, काठमाडौं, नेपाल । फोन : २२१० ३२, फ्याक्स : (+९७७-१) २२५ ४५०

जि.प्र.का.द.नं. ३८/५१/५२
हुलाक द. नं. १४/५१/५२
● वार्षिक शुल्क रू. २४/-

साधकको नाम : ..................................................
ठेगाना : ..................................................

Downloaded from http://www.dhamma.digital